# त्रियुगा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

गाईघाट, उदयपुर
१ नं. प्रदेश, नेपाल
२०७३

## आ.व. २०७६/७७ को लागि ढुंगा, गिटी, ग्राभेल, रोडा, वालुवा, उत्खनन्, संकलन, विक्री कर उठाउने सम्वन्धी (बढाबढ) बोलपत्र आव्हानको सूचना

सूचना प्रकाशित मिति : २०७६/०७/०८

यस नगरपालिकाको कार्यालयबाट नेपालको संविधान २०७२ को अनुसूची - ८ तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को उपदफा २ घ को (६) र त्रियुगा नगर कार्यपालिकाको निर्णय बमोजिम स्थानीय तहको अधिकार क्षेत्र भित्रका देहाय बमोजिमका ठेक्का शिलबन्दी (बढाबढ) बोलपत्र मार्फत बन्दोबस्त गर्नुपर्ने भएकाले ३० दिने अवधि राखी प्रथम पटकको लागी यो बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ। देहायका शर्तहरूको अधिनमा रहि बोलपत्र यस कार्यालयबाट खरिद गरी तोकिएको मिति भित्र दर्ता गर्नुहुन सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ।

देहाय

(न्यूनतम अंक मु.अ.कर १३% सहित

त्रयद्रगा नगरपालिका क्षेत्र भित्रका खोला तथा नदीहरूवाट उत्खनन गरिने नदि जन्य पदार्थको विवरण
(न्यूनतमअंक मु.अ.कर १३ % सहित

| सि न | खोला तथा नदीको नाम | ढुङ्गा | गिटि | ग्राभेल | वालद्रवा | जम्मा परिमाण | न्यनतम अंक |
|---|---|---|---|---|---|---|---|
| १ | त्रियुगा | २६०१४।२ | ३९०२१।३ | ४५५२४।९ | १९५१०।७ | १३००७१।१ | |
| २ | वरुवा | २२६०५ | २८२५७।५ | ४५२१०।४ | १६९५३।९ | ११३०२६।८ | |
| ३ | शाहीखोला | ४००।१ | १४००।३५ | १८००।४५ | ४००।१ | ४००१ | ४,५०,००,०००।०० |
| ४ | सुनकोशी | १४४६२ | ११५६९।६ | २०२४६।८ | १४४६२ | ६०७४०।४ | |
| | जम्मा | ६३४८१।३ | ८०२४८।७५ | ११२७८२।५५ | ५१३२६।७ | ३०७८३९।३ | |

शर्तहरू :

१. प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३० औं दिन (कार्यालय समय सम्ममा) रु.३००० रकम (पछि फिर्ता नहुने गरी) वुझाएको नगदी रसिदका साथ व्यवसाय दर्ता, स्थायी लेखा नं. (मु.अ.कर सहित), र आ.व.२०७५/०७६ सम्मको आयकर चुक्ताको प्रमाणपत्रहरूको प्रतिलिपीहरू संलग्न राखी इच्छुक फर्म/कम्पनी वा निजको आधिकारीक प्रतिनिधिले कार्यालय समय भित्र यस कार्यालयबाट वोल पत्र फाराम खरिद गर्न सक्नेछ

२. बोलपत्र फाराम आफूले कवोल गरेको कुल अंकको ५% धरौटी रकम यस कार्यालयको गाईघाट स्थित धरौटी खाता नं. २०९०३०३००७१०२ मा जम्मा गरी सो को सक्कल वैङ्क भौचर वा यस कार्यालयको नाममा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैंकले जारी गरेको कम्तीमा १२० दिनम्याद भएको बैंक ग्यारेन्टी (विड वण्ड) पेश गर्नु पर्नेछ। धरौटी वापत जम्मा गरेको रकमलाई किस्तामा समावेश गर्न पाईने छैन। उक्त बैंक जमानत वा नगद धरौटी रकम नियमानुसार कागजात पेश गरिसके पछि प्रचलित ऐन बमोजिम फिर्ता गरिनेछ।

३. खरीद भएका बोलपत्रहरूको प्रत्येक पानामा सही छाप र शिलबन्दी गरी खामवाहिर फर्म वा कम्पनीको नाम, ठेगाना र ठेक्काको नाम, नम्बर लेखी सूचना प्रकाशित भएको मितिले ३१ औं दिनको १२:०० बजे सम्ममा यस कार्यालयमा दर्ता गरी पेश गर्नु पर्नेछ।

४. दर्ता हुन आएका शिलबन्दी बोलपत्रहरू दर्ता गर्ने अन्तिम दिनको १:०० बजे यस कार्यालयमा बोलपत्र दाता वा निजको प्रतिनिधीको रोहोवरमा खोलिनेछ। बोलपत्र दाता वा निजको प्रतिनिधी उपस्थित नभएमा पनि सो बोलपत्र खोल्न कुनै वाधा पर्ने छैन।

५. बोलपत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक विदा परेमा सोको भोलि पल्ट तत् तत् समयमा गरिनेछ।

६. बोलपत्र फाराम भर्दा आफूले कबोले गरेको रकम अंक र अक्षरमा प्रष्टसंग उल्लेख गर्नु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ।

७ सवैभन्दा बढी अंक कबोल गर्ने बोलपत्रदाताको बोलपत्र स्वीकृत गरिनेछ।

८ बोलपत्र स्वीकृत भएपछि सोको सूचना पाएको मितिले ७ दिनभित्र सम्बन्धित वोलपत्रदाता फर्म वा कम्पनीले नियमानुसार प्रक्रिया पुरा गरी सम्झौता गर्न आउनु पर्नेछ। सो अवधि भित्र सम्झौता गर्न नआएमा धरौटी रकम जफत गरिनेछ र उक्त कारणबाट दोस्रो बोलपत्रदाताको बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा पुनः बोलपत्र आव्हान गर्ने अधिकार त्रियुगा नगरपालिका कार्यालयमा सुरक्षित रहनेछ।

९ बोलपत्र दाताले आफूले कबोल गरेको रकम एकमुष्ट नबुझाएमा कवोल गरेको कूल रकम (भ्याट समेत जोडी) तीन किस्तामा बुझाउनु पर्नेछ। पहिलो किस्ता आफूले कबोल गरेको अंकको ४० प्रतिशत रकम सम्झौता गर्ने समयमा, बाँकी ६० प्रतिशत रकमलाई बराबर भाग लगाई २ किस्तामा बुझाउनु पर्नेछ। सो दुई किस्ता बापतको दोश्रो किस्ता रकम २०७६ फाल्गुन मसान्त भित्र र तेश्रो तथा अन्तिम किस्ता बापतको रकम २०७७ बैशाख मसान्त भित्र बुझाउनु पर्नेछ।

१० सम्झौता गर्दा पहिलो किस्ता बाहेक बुझाउन बाँकी ६० प्रतिशत रकमको २०७७ असार मसान्तसम्म अवधि भएको यस कार्यालयको नाममा राष्ट्र बैंकबाट मान्यता प्राप्त बाणिज्य बैंकहरूबाट जारी गरिएको बैंक जमानत (परफरमेन्स बण्ड) पेश गरेपछि मात्र ठेक्का सम्झौता गरी स्थायी चलनपूर्जी दिईनेछ।

११ कुनै पनि शर्त राखी पेश गरेको, हुलाक मार्फत पठाएको र रित नपुगेको वोलपत्र उपर कुनै कारवाही गरिने छैन।

१२ ठेकेदारले सम्झौताको बखत आफूले कवोल गरेको रकमको नगदै वा कवोल अंक वरावरको बैंक भौचर पेश गरी ठेक्का सम्झौता गर्नुपर्नेछ। साथै उक्त समयमै नियमानुसारको आयकर तथा मु.अ.कर समेत कार्यालयमा बुझाउनुपर्नेछ।

१३ नदिजन्य पदार्थ उत्खनन्, संकलन, विक्री तथा निकासी गर्दा क्ष्भ प्रतिवेदनमा स्वीकृत मापदण्ड र राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समितिबाट प्राप्त परिपत्र, सहमति र मार्गदर्शनलाई आधार मानी उत्खनन्, संकलन र निकासी गर्नुपर्नेछ।

१४ कर/शुल्क उठाउने रसिदहरू ठेक्काको शीर्षक अनुसार छुट्टाछुट्टै ३/३ प्रति रसिद ठेकेदारले आफ्नै तर्फबाट छपाई कार्यालय प्रमुख वा निजले तोकेको कर्मचारीबाट प्रमाणित गराई कार्यालयको छाप लगाई कार्यालयमा रसिद नम्बर दाखिला गरेर मात्र कर दस्तुर उठाउन प्रयोगमा ल्याउनु पर्नेछ।

१५ कुनै किसिमको विवादको स्थिति सिर्जना भएमा वा यस कार्यालय तथा ठेकेदार बीच कुनै विवाद उत्पन्न भएमा प्रचलित कानुन, ऐन, नियमको परिधि भित्र रही त्रियुगा नगरपालिकाको कार्यालय गाईघाट, उदयपुरले गरेको निर्णय अन्तिम हुनेछ।

१६ सम्मानित अदालत, नेपाल सरकार, त्रि.न.पा.को नीति, निर्देशन तथा आदेशको पालना गर्नु गराउनु र लागु गर्नु ठेकेदारको कर्तव्य एवं दायित्व हुनेछ। नीति निर्देशन वा अदालतको आदेशको पालनाको कारणबाट कुनै क्षतिहानि-नोक्सानी हुन गएमा सोको क्षतिपूर्तिको दाबी ठेकेदारले त्रि.न.पा. सँग गर्न पाउने छैन।

१७ यस कार्यालयको छाप र कार्यालयबाट प्रमाणित नभएको वोलपत्र फारामलाई मान्यता दिईने छैन।

१८ बन्द, हडताल, चक्काजाम वा अन्य कुनै कारण देखाई मिनाहा माँग भएमा मिनाहा दिईने छैन।

१९ ठेक्का अवधि सम्झौता भएकोदेखि मितिदेखि २०७७ जेष्ठ मसान्तसम्म मात्र हुनेछ।

२० नदि जन्यपदार्थ उत्खनन्, संकलन गरी विक्री गरेको परिमाण ३/३ महिनामा ठेकेदारले अनिवार्य रूपमा त्रि.न.पा.मा पेश गर्नुपर्नेछ।

२१ ठेकेदारले उठाउने कर यस कार्यालयद्धारा तोकिएको उत्पादन स्थल वा तोकेको संकलन केन्द्रमा प्रदेशसभा बाट स्वीकृत आर्थिक ऐनमा उल्लेख भएको दररेटमा मात्र कर उठाउनु पर्नेछ।

२२ सूचनामा उल्लेखित परिमाण भन्दा बढी नदिजन्य पदार्थ ठेकेदारले उत्खनन् गरी विक्री वितरण गर्न पाउने छैन। यदि उल्लेखीत परिमाण भन्दा बढी विक्री वितरण गर्नुपरेमा स्वीकृत क्ष्भ को परिमाण मध्येबाट त्रि.न.पा. बाट पुनः स्वीकृति लिई थप परिमाणको आधारमा कवोल गरेको दररेट बमोजिम रकम दाखिला गरी नदिजन्य पदार्थ विक्री वितरण गर्न अनुमति लिनुपर्नेछ।

२३ यसमा उल्लेख भएका कुराहरूमा सोही बमोजिम र यसमा उल्लेख नभएका कुराहरूको हकमा प्रचलित ऐन, नियम,कानुन अनुसार हुनेछ।

२४ विस्तृत जानकारीका लागि त्रियुगा नगरपालिका गाईघाट, उदयपुरको ध्भदकक्तभ वा त्रि.न.पा.को सम्पर्क नं.०३५४२०१८६ मा सम्पर्क गर्न सकिनेछ।

प्रमुख प्रशासकीय अधिकृत